सभाध्यक्षज्यू एवं सभाका सदस्यज्यूहरु
अब म
चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु

गाउँपालिकाको चालु आ व को संशोधित बजेट रु ७४ करोड ५३ लाख ५२ हजार मध्ये

जम्मा कुल खर्च : ५८.२९% रहेको छ ।

चालु खर्च तर्फको बजेट ४५ करोड १२ लाख ५२ हजार मध्ये ७४.३३% खर्च भएको छ ।

पूँजीगत खर्च तर्फको बजेट २२ करोड ४१ लाख मध्ये ३३.६७% खर्च भएको छ ।

हाल सम्मको आन्तरिक आम्दानीको विवरण

अनुमान : ७ करोड १० लाख        असुली : ८ करोड ५४ लाख ८९ हजार

लक्ष्य भन्दा ११७ प्रतिशत बढी असुली गरिएको ।

**अब म आगामी आर्थिक वर्षको आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।**

**आम्दानी (आय) तर्फ**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| **संघीय सरकार** | | |
| १. | वित्तीय समानीकरण अनुदान | १२ करोड ५३ लाख |
| २. | सर्शत अनुदान | २४ करोड ६७ लाख |
| ३. | विशेष अनुदान | १ करोड २५ लाख |
| ४. | समपुरक अनुदान | २ करोड ५५ लाख |
| **संघीय सरकारको अनुदान जम्मा : ४१ करोड** | | |
| **प्रदेश सरकार** | | |
| १. | वित्तीय समानीकरण अनुदान | ८७ लाख २८ हजार |
| २. | शर्शत अनुदान | १ करोड १३ लाख |
| ३. | विशेष अनुदान | २० लाख |
| ४. | समपुरक अनुदान | ७५ लाख |
| **प्रदेश सरकारको अनुदान जम्मा : २ करोड ९५ लाख २८ हजार** | | |
| | **जम्मा समानीकरण अनुदान संघ + प्रदेश : १३ करोड ४० लाख २८ हजार** | |
| | | |
| **आन्तरिक आय (राजस्व बाँडफाँड)** | | |
| १. | **संघीय सरकारबाट प्राप्त** | **१० करोड ५७ लाख २६ हजार** |
| २. | **प्रदेश सरकारबाट प्राप्त** | **१ करोड ५८ हजार** |

| | | |
|---|---|---|
| **३.** | **गाउँपालिकाको आम्दानी** | **९ करोड ७६ लाख ५२ हजार** |
| ४. | **अ.ल्या.** | **७ करोड २० लाख** |
| | **जम्मा आन्तरिक आय** | **२८ करोड ५४ लाख ३६ हजार** |
| **कुल जम्मा आय : ७२ करोड ४९ लाख ६४ हजार** | | |

**खर्च (व्यय) तर्फ**

चालु खर्च : ४८ करोड ७ लाख ९४ हजार ६६.३२ प्रतिशत

पुँजीगत खर्च : २४ करोड ४1 लाख ७० हजार ३३.६८ प्रतिशत

**जम्मा : ७२ करोड ४९ लाख ६४ हजार जम्मा १०० प्रतिशत**

**श्रद्धेय सभाध्यक्ष महोदय**

अब म आगामी आर्थिक वर्षमा गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख कार्यक्रम तथा क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

**सामाजिक विकास तर्फः**

१. मोतिया बिन्दुको निःशुल्क अप्रेसन, निःशुल्क रक्त सञ्चारमा लाग्ने खर्च र ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालनमा आवश्यक रकम विनियोजन गरेको छु ।
२. वडा नं. ४ छपिया बजारमा रहेको १५ शैया अस्पताल सञ्चालन तथा आवश्यक उपकरण खरिदको लागि रु.२ करोड विनियोजन गरेको छु ।
३. आधारभूत स्वास्थ्य सेवा तथा नागरीक आरोग्य सेवा केन्द्रबाट निःशुल्क रुपमा वितरण गर्न आवश्यक पर्ने औषधी खरीद र आधारभुत ल्याब सेवा सञ्चालनको लागि रु.३० लाखको व्यवस्था गरेको छु।
४. स्वस्थ मन, स्वस्थ जीवनःवैदिक-बौद्ध दर्शन र आधुनिक मनोविज्ञानमा आधारित मानसिक स्वास्थ्य सचेतना अभियान संचालनको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु |
५. स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड (HP-MSS) अनुसार सेवा सञ्चालन तथा आवश्यक सामग्री व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु।
६. गुणस्तरीय ईन्टरनेट सेवाको विस्तारसँगै स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई डिजिटाईजेसन प्रविधि मैत्री बनाउन र आवश्यक उपकरण सामग्री व्यवस्थापनमा रु.५ लाख विनियोजन गरेको छु।
७. सियारी गाउँपालिकालाई विगत वर्षहरुमा जस्तै यस वर्ष गरिने पूर्ण संस्थागत सुकेरी सेवाको सुनिश्चितता र १६ देखि २३ महिना उमेर समुहका सम्पूर्ण वालवालिकाहरुलाई पूर्ण खोप सेवा सुनिश्चितता र दिगोपना घोषणा कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
८. सियारी गाउँपालिकालाई पोषण मैत्री गाउँपालिका घोषणा गर्न सूत्केरीसँग उपाध्यक्ष भेटघाट कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
९. आधारभूत स्वास्थ्य सेवालाई बढी प्रभावकारी र गुणस्तरीय बनाउन स्वास्थ्य संस्थाहरुमा नियमित अनुगमन, स्थलगत अनु-शिक्षण, मासिक,अर्धवार्षिक र वार्षिक समिक्षा तथा योजना गोष्ठी सञ्चालन,स्वास्थ्य संस्था